वर्ष ४ अंक ६

# अर्थ बुलेटिन

*(आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक तथ्याङ्कमा आधारित)*

## प्रमुख आर्थिक परिसूचकहरू

- आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा समष्टिगत आर्थिक परिसूचकहरू मिश्रित रहेका छन्। संघीय सरकारी खर्चमा वृद्धि भएको छ। बाह्य क्षेत्रका सूचकहरु सुधारोन्मुख छन्, राजस्व सङ्कलनमा भने कमी आएको छ।

- चालु आर्थिक वर्षको पुससम्म वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा मुद्रास्फीतिलाई ७.० प्रतिशतको सीमा भित्र राख्ने लक्ष्य रहेपनि चालु आर्थिक वर्षका शुरुका महिनामा मुद्रास्फीति उच्च हुँदा पहिलो ६ महिनाको औसत मुद्रास्फीति ८.०२ प्रतिशत रहेको छ। मुद्रस्फीति घट्दो दरमा रहेकोले समग्रमा उपभोक्ता मुद्रास्फीति वाञ्छित सीमाभित्र रहने देखिन्छ। अन्तर्राष्ट्रियस्तरमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि भई मालसामान आपूर्तिमा परेको प्रभावले समेत मूल्यमा दबाव श्रृजना भई मुद्रास्फीति उच्च भएको हो।

- वित्तीय हस्तान्तरण सहितको संघीय सरकारी खर्च १३.७ प्रतिशतले बढेको छ। प्रतिनिधिसभा तथा प्रदेश-सभा निर्वाचनका कारण संघीय सरकारी खर्चमा पनि वृद्धि भएको छ। बाह्य क्षेत्र सुधारको लागि अवलम्बन गरिएको आयात नियमन नीतिको फलस्वरुप भन्सारजन्य राजस्व सङ्कलन प्रभावित हुँदा समग्र राजस्व परिचालनमा १६.५ प्रतिशतले संकुचन आएको छ।

- करको दायरा विस्तार हुँदै गएको छ। स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ५२ लाख ९ हजार ७ सय ५९ पुगेको छ।

- वैदेशिक सहायता प्रतिवद्धतामा वृद्धि भएको छ। यस अवधिमा रू. १ खर्ब ३७ अर्ब १२ करोड बराबरको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ। यस अवधिमा रू. ४१ अर्ब १५ करोड बराबरको वैदेशिक सहायता परिचालन गरिएको छ। पछिल्ला वर्षहरुमा आन्तरिक र बाह्य ऋण बढ्दै गएको कारण सार्वजनिक ऋण रू. २० खर्ब १३ अर्ब ८५ करोड पुगेको छ। यस अवधिमा रू. ३० अर्ब आन्तरिक ऋण परिचालन भएको छ।

- वस्तु निर्यात तथा आयात दुवैमा संकुचन आएको छ। जसले गर्दा वस्तु व्यापार घाटामा १९.२ प्रतिशतले सुधार भएको छ। वस्तु आयातमा भएको संकुचन, विप्रेषण आयमा भएको वृद्धि लगायतका कारण चालु खाता घाटा सुधारोन्मुख रहेको छ।

- वस्तु आयातमा भएको संकुचनको कारण विदेशी मुद्रा सञ्चितिमा वृद्धि भई रू.१३ खर्ब ३७ अर्ब २९ करोड पुगेको छ। उक्त सञ्चितिले १०.४ महिनाको वस्तु आयात र करिब ९.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने देखिन्छ।

- कोभिड-१९ महामारीको संक्रमण जोखिम कम हुँदै गएसँगै जनजीवन सहज बन्दै गएको कारण वैदेशिक रोजगारीमा जान नयाँ तथा अन्तिम श्रम स्वीकृति र पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ। पछिल्लो समयमा पर्यटक आगमनमा समेत सुधार हुँदै गएको छ। साथै पर्यटन आयमा समेत वृद्धि भएको छ।

- वित्तीय पहुँचमा वृद्धि भएको छ। एउटा स्थानीय तह बाहेक सबै तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ। कर्जा र निक्षेपको भारित औसत ब्याजदर गत वर्षको तुलनामा बढेको छ। बीमा प्रिमियम संकलन बढेको छ। बजार पुँजीकरण रू. ३१ खर्ब ३ अर्ब १६ करोड पुगेको छ।

## विश्व आर्थिक स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२३ को जनवरीमा प्रकाशित विश्व आर्थिक परिदृष्य अनुसार सन् २०२२ मा विश्व आर्थिक वृद्धिदर ३.४ प्रतिशत भएको अनुमान रहेको छ। उक्त कोषको अक्टोबर, २०२२ मा प्रकाशित विश्व आर्थिक परिदृष्यले सन् २०२२ मा विश्व आर्थिक वृद्धिदर ३.२ प्रतिशत रहने प्रक्षेपण गरेकोमा विश्वव्यापी रुपमा कोभिड महामारीको प्रभाव क्रमशः न्यून भएसँगै विश्व अर्थतन्त्रमा यसको सकारात्मक प्रभाव पर्न गएकोले ०.२ प्रतिशतले आर्थिक वृद्धिमा सुधार आएको अनुमान रहेको छ। त्यसैगरी, सन् २०२३ मा विश्व आर्थिक वृद्धिदर २.९ प्रतिशत हुने प्रक्षेपण गरिएको छ। यद्यपि यो सन् २०२२ अक्टोबरको प्रक्षेपणको तुलनामा ०.२ प्रतिशत विन्दुले बढी हो। साथै, सन् २०२४ मा विश्व आथिक वृद्धिदर ३.१ प्रतिशत रहने अनुमान रहेको छ ।

२. सन् २०२२ मा विकसित अर्थतन्त्र र उदीयमान तथा विकासशील अर्थतन्त्रको आर्थिक वृद्धि क्रमशः २.७ प्रतिशत र ३.९ प्रतिशत रहने अनुमान अन्तर्राष्ट्रिय मुद्राकोषले गरेको छ। यस अघि सन् २०२२ को अक्टोबरमा यस्तो वृद्धि क्रमशः २.४ प्रतिशत र ३.७ प्रतिशत रहने अनुमान रहेको थियो। साथै सन् २०२३ र २०२४ मा विकसित अर्थतन्त्रको आर्थिक वृद्धि क्रमशः १.२ प्रतिशत र १.४ प्रतिशत रहने तथा उदीयमान तथा विकासशील अर्थतन्त्रको आर्थिक वृद्धि क्रमशः ४.० प्रतिशत र ४.२ प्रतिशत रहने अनुमान पनि अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ। यसका साथै विश्वका केही प्रमुख अर्थतन्त्रहरुको आर्थिक वृद्धिका सम्बन्धमा उक्त कोषले गरेको सन् २०२२ को अनुमान तथा सन् २०२३ र २०२४ को प्रक्षेपण तलको तालिकामा देखाइएको छ।

३. छिमेकी मुलुकहरू चीन र भारतको अर्थतन्त्र सन् २०२१ मा क्रमशः ८.४ प्रतिशत र ८.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२२ को आर्थिक वृद्धिदर क्रमशः ३.० प्रतिशत र ६.८ प्रतिशत रहेको थियो। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२३ मा चीन र भारतको आर्थिक वृद्धिदर क्रमशः ५.२ प्रतिशत र ६.१ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

### तालिका (१): विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा)

| सि.नं. | विवरण | अनुमान | प्रक्षेपण | |
|---|---|---|---|---|
| | | २०२२ | २०२३ | २०२४ |
| १ | विश्व | ३.४ | २.९ | ३.१ |
| २ | विकसित अर्थतन्त्र | २.७ | १.२ | १.४ |
| ३ | अमेरिका | २.० | १.४ | १.० |
| ४ | उदीयमान तथा विकासशील अर्थतन्त्र | ३.९ | ४.० | ४.२ |
| ५ | उदीयमान तथा विकासशील एशिया | ४.३ | ५.३ | ५.२ |
| ६ | चीन | ३.० | ५.२ | ४.५ |
| ७ | भारत | ६.८ | ६.१ | ६.८ |
| ८ | उदीयमान तथा विकासशील यूरोप | ०.७ | १.५ | २.६ |
| ९ | ल्याटिन अमेरिका तथा क्यारेबियन | ३.९ | १.८ | २.१ |
| १० | मध्यपूर्व तथा मध्य एशिया | ५.३ | ३.२ | ३.७ |
| ११ | सब साहरा अफ्रिका | ३.८ | ३.८ | ४.१ |
| १२ | उदीयमान तथा मध्य आय भएका मुलुकहरु | ३.८ | ४.० | ४.१ |
| १३ | न्यून आय भएका विकासशील राष्ट्रहरु | ४.९ | ४.९ | ५.६ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, जनवरी २०२३

## संघीय सरकारी खर्च

४. आर्थिक वर्ष २०७९/८० को पुससम्म संघीय सरकारको कुल खर्च १३.७ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ७६ अर्ब ३५ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च रू. ५ खर्ब ६ अर्ब ६९ करोड रहेको थियो। कुल खर्चमध्ये चालु खर्च (वित्तीय हस्तान्तरण सहित) रू. ४ खर्ब ५५ अर्ब १३ करोड, पूँजीगत खर्च रू. ५३ अर्ब ४६ करोड र वित्तीय व्यवस्था तर्फको खर्च रू. ६७ अर्ब ७६ करोड रहेको छ। यस अवधिमा कुल विनियोजित बजेटमध्ये चालु तर्फ ३८.५ प्रतिशत, पूँजीगत तर्फ १४.० प्रतिशत र वित्तीय व्यवस्था तर्फ २९.४ प्रतिशत गरी समग्रमा ३२.१ प्रतिशत रकम खर्च भएको छ।

### तालिका (२): पछिल्लो ५ वर्षको पुस महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)

| खर्च शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | वृद्धि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७८/७९ | २०७९/८० |
| चालु खर्च | २९,६५७.५९ | ३०,९६०.७० | ३४,२३५.६३ | ४०,६४१.०२ | ४५,५१२.७० | १८.७ | १२.० |
| पूँजीगत खर्च | ५,५५२.०३ | ६,२७६.६७ | ५,०८१.६९ | ५,०८०.८० | ५,३४५.५२ | ०.० | ५.२ |
| वित्तीय व्यवस्था | २,३७२.४७ | ३,७१२.७० | २,२५७.२२ | ४,९४७.४८ | ६,७७६.५४ | ११९.२ | ३७.० |
| कुल संघीय खर्च | ३७,५८२.०९ | ४०,९५०.०७ | ४१,५७४.५४ | ५०,६६९.३० | ५७,६३४.७६ | २१.९ | १३.७ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

५. यस अवधिमा सबैभन्दा बढी खर्चभार असोज महिनामा २५.० प्रतिशत र पुस महिनामा २४.५ प्रतिशत रहेको छ भने सबैभन्दा कम खर्च भार साउन महिनामा ३.९ प्रतिशत रहेको छ।

### तालिका (३): चालु आर्थिक वर्षको पुस महिनासम्मको मासिक खर्च (रू. करोडमा) र खर्च भार

| महिना | चालु खर्च | खर्च भार | पूँजीगत खर्च | खर्च भार | वित्तीय व्यवस्था | खर्च भार | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|---|---|---|
| साउन | ५६५.७२ | ०.०१० | १४८.४६ | ०.००३ | १५११.६९ | ०.०२६ | २२२५.८८ | ०.०३९ |
| भदौ | १०३०७.४१ | ०.१७९ | ४३७.५९ | ०.००८ | ४६३.०६ | ०.००८ | ११२०८.०५ | ०.१९४ |
| असोज | ११५०२.१४ | ०.२०० | १३८२.०६ | ०.०२४ | १४९८.५ | ०.०२६ | १४३८३ | ०.२५० |
| कात्तिक | ५७६३.३४ | ०.१०० | ६६१.५० | ०.०११ | ८५७.२६ | ०.०१५ | ७२८१.६८ | ०.१२६ |
| मङ्सिर | ७,२८७.०८ | ०.१२६ | ७६९.५५ | ०.०१३ | ३६५.७५ | ०.००६ | ८,४२३.०५ | ०.१४६ |
| पुस | १०,०८७.०१ | ०.१७५ | १,९४६.३६ | ०.०३४ | २,०८०.२८ | ०.०३६ | १४,११२.९८ | ०.२४५ |
| **जम्मा** | **४५५१२.७०** | **०.७९०** | **५३४५.५२** | **०.०९३** | **६७७६.५४** | **०.११८** | **५७६३४.७६** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

## राजस्व परिचालन

६. चालु आर्थिक वर्ष २०७९/८० को पुससम्म संघीय सरकारको कुल राजस्व सङ्कलनमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.५ प्रतिशतले कमी आई रू. ४ खर्ब ५२ अर्ब ७० करोड रहेको छ। यस अवधिको कर राजस्व र गैरकर राजस्व संकलनमा क्रमशः १८.० प्रतिशत र १.३ प्रतिशतले सँकुचन

आएको छ। वस्तु आयातमा भएको नियमन र नगद मार्जिनको व्यवस्थाले वस्तु आयात प्रभावित हुँदा भन्सारजन्य राजस्व प्रभावित भई कुल राजस्व सङ्कलनमा समेत कमी आएको हो।


**तालिका (४): पछिल्लो पाँच आर्थिक वर्षको पुससम्मको राजस्व सङ्कलनको स्थिति (रू. करोडमा)**

| रू. करोडमा | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कर राजस्व | ३५९६४.२१ | ३९१९७.८४ | ३८६५३.४२ | ४९३९९.२९ | ४०५२६.९३ |
| गैरकर राजस्व | ४२८१.५१ | ४१२६.८४ | ३५७०.१७ | ४८०६.१५ | ४७४३.४१ |
| **कुल राजस्व** | **४०२४५.७२** | **४३३२४.६८** | **४२२२३.५९** | **५४२०५.४४** | **४५२७०.३४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

७. यस अवधिमा कर राजस्व रू. ४ खर्ब ५ अर्ब २७ करोड र गैरकर राजस्व रू. ४७ अर्ब ४३ करोड सहित कुल प्राप्ति रू. ४ खर्ब ८३ अर्ब ७६ करोड भएको छ।

**चार्ट (१): पछिल्लो ५ वर्षको पुस महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

८. विगत ५ आर्थिक वर्षको पुससम्मको राजस्व सङ्कलनको प्रवृत्ति हेर्दा चालु आर्थिक वर्ष र आर्थिक वर्ष २०७७/७८ को राजस्व सङ्कलन घटेको छ। चालु आर्थिक वर्षको पुस महिनासम्मको लक्ष्यको तुलनामा ६९.५ प्रतिशत र कुल वार्षिक राजस्व लक्ष्यको ३२.३ प्रतिशत राजस्व सङ्कलन भएको छ।


### तालिका (५): पछिल्लो दुई आर्थिक वर्षको पुससम्मको राजस्व सङ्कलनको शीर्षकगत स्थिति (रू. करोडमा)

| कर शीर्षक | आ.व. २०७८/७९ को असुली | आ.व. २०७९/८० वार्षिक लक्ष्य | आ.व. २०७९/८० को लक्ष्य र असूली | | वार्षिक लक्ष्यको तुलनामा असूली प्रतिशत | लक्ष्यको तुलनामा असूली प्रतिशत | वार्षिक विन्दुगत प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| | | | पुस सम्मको लक्ष्य | पुस सम्मको संकलन | | | |
| **भन्सार महशुल** | **१३०६५.०३** | **३३०५६.८०** | **१६१८२.३०** | **८५७८.७३** | **२६.०** | **५३.०** | **-३४.३** |
| **मूल्य अभिबृद्धि कर** | **१५५५९.७०** | **३९८४६.७९** | **१८०२४.८३** | **१३१४४.५०** | **३३.०** | **७२.९** | **-१५.५** |
| उत्पादन, बिक्री, सेवा | ५३४५.३७ | १४०२०.४१ | ६२७८.७३ | ५११६.६१ | ३६.५ | ८१.५ | -४.३ |
| आयात | १०२१४.३४ | २५८२६.३८ | ११७४६.१० | ८०२७.८९ | ३१.१ | ६८.३ | -२१.४ |
| **अन्तःशुल्क** | **८५२३.१७** | **२१७२८.२७** | **९७५०.९६** | **७०५०.९९** | **३२.५** | **७२.३** | **-१७.३** |
| आन्तरिक उत्पादन | ५०७२.०२ | १३७३५.२६ | ६०६१.५० | ५४३७.१८ | ३९.६ | ८९.७ | ७.२ |
| आयात | ३४५१.१५ | ७९९३.०१ | ३६८९.४५ | १६१३.८१ | २०.२ | ४३.७ | -५३.२ |
| **शिक्षा सेवा शुल्क** | **२८.३१** | **१४७.८०** | **७३.४८** | **७३.६७** | **४९.८** | **१००.३** | **१६०.२** |
| **आयकर** | **१२२२३.०७** | **३४७५७.९२** | **१५७२२.१८** | **११६७९.०४** | **३३.६** | **७४.३** | **-४.५** |
| आयकर | ११०७७.४१ | ३०७८२.९३ | १३७३८.१९ | ९९९८.७४ | ३२.५ | ७२.८ | -९.७ |
| ब्याज कर | ११४५.६६ | ३९७४.९९ | १९८३.९८ | १६८०.३० | ४२.३ | ८४.७ | ४६.७ |
| **कर राजस्व जम्मा** | **४९३९९.२९** | **१२९५३७.५८** | **५९७५३.७५** | **४०५२६.९३** | **३१.३** | **६७.८** | **-१८.०** |
| **गैर कर जम्मा** | **४८०६.१५** | **१०७७७.१२** | **५४०८.१२** | **४७४३.४१** | **४४.०** | **८७.७** | **-१.३** |
| **कूल राजस्व** | **५४२०५.४४** | **१४०३१४.७०** | **६५१६१.८७** | **४५२७०.३५** | **३२.३** | **६९.५** | **-१६.५** |
| **अन्य प्राप्ति** | **३४१९.३९** | **०.००** | **०.००** | **३१०५.७०** | **-** | **-** | **-९.२** |
| **जम्मा राजस्व/प्राप्ति** | **५७६२४.८३** | **१४०३१४.७०** | **६५१६१.८७** | **४८३७६.०५** | **३४.५** | **७४.२** | **-१६.०** |


स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

९. चालु आर्थिक वर्षको पुस महिनासम्मको संकलित कुल राजस्वमा गैरकर र आयकर राजस्वको हिस्सा वृद्धि भएको छ भने भन्सार महशुल र अन्तशुल्कको हिस्सा घटेको छ। शिक्षा सेवा शुल्कमा लक्ष्य भन्दा बढी सङ्कलन भएतापनि राजस्व आधार कम भएकोले कुल राजस्वमा योगदान नगन्य देखिन्छ।

### चार्ट (२): पछिल्लो ५ वर्षको पुस महिनासम्मको राजस्व सङ्कलनको प्रवृति (रू. करोडमा)



आ.व.२०७८/७९



आ.व.२०७९/८०

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

### तालिका (६): चालु आर्थिक वर्षको पुससम्मको मासिक राजस्व सङ्कलनको शीर्षकगत स्थिति (रू. करोडमा)

| कर शीर्षक/महिना | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस |
|---|---|---|---|---|---|---|
| भन्सार महशुल | १३८६.८० | १५७१.०२ | १४३१.३७ | १२४०.२४ | १४१५.१९ | १५३४.११ |
| मू.अ.कर | २४९१.३७ | २०१४.६५ | २१६३.२१ | २००३.०३ | २१०२.५१ | २३६९.७२ |
| अन्त:शुल्क | ११८४.६९ | १३९६.८२ | ११८७.६८ | १०९५.८५ | १०६१.८० | ११२४.१५ |
| आय कर | १९८५.६६ | १००९.८० | १०७४.५१ | १२९१.१० | ९७८.३२ | ५३३९.६४ |
| अन्य कर | १५.३३ | १४.२२ | १०.९३ | १०.३९ | ९.९५ | १२.८५ |
| कुल कर राजस्व | ७०६३.८६ | ६००६.५० | ५८६७.७१ | ५६४०.६१ | ५५६७.७७ | १०३८०.४८ |
| गैर कर राजस्व | ९०८.३९ | ४०२.४१ | ६०९.५५ | ३०८.१३ | ३१४.०८ | २२००.८५ |
| कुल राजस्व | ७९७२.२५ | ६४०८.९१ | ६४७७.२६ | ५९४८.७४ | ५८८१.८४ | १३२०९.६७ |
| अन्य प्राप्ति | १०४८.४८ | ७९३.५३ | ४३२.९२ | ११५.६३ | ३६१.५९ | ३५३.५५ |
| **मासिक जम्मा** | **७९७२.२५** | **६४०८.९१** | **६४७७.२६** | **५९४८.७४** | **५८८१.८४** | **१२५८१.३३** |

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

## कुल संघीय राजस्व

१०. चालु आर्थिक वर्षको पहिलो छ महिनासम्ममा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको कुल संघीय राजस्व रू. ४ खर्ब ८० अर्ब १६ करोडको तुलनामा १७.३ प्रतिशतले कमी भई रू. ३ खर्ब ९६ अर्ब ९६ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाट हुने राजस्व गत आर्थिक वर्षको पुस मसान्तसम्मको रू. ६१ अर्ब ९० करोडको तुलनामा ९.९ प्रतिशतले कमी आई रू. ५५ अर्ब ७५ करोड रहेको छ।

## संघीय सरकारको साधनस्रोत तथा खर्चको अवस्था

११. चालु आर्थिक वर्षको पुससम्ममा संघीय सरकारको आय १८.१ प्रतिशतले संकुचन भई रू. ४ खर्ब ३२ अर्ब ८२ करोड रहेको छ भने कुल संघीय संचित कोषमा प्राप्ति (ऋणसहित) १३.८ प्रतिशतले घटेको छ। यस अवधिमा संघीय सरकारको राजस्व रू. ५८ अर्ब १७ करोडले न्यून रहेको छ भने बजेट घाटा रू. १ खर्ब ४३ अर्ब ५३ करोड रहेको छ। यस अवधिमा सरकारले रू. ३० अर्ब बराबको आन्तरिक ऋण परिचालन गरेको छ भने रू. ३६ अर्ब ३५ करोड बराबरको वैदेशिक ऋण तथा रू. ४ अर्ब ८० करोड बराबरको वैदेशिक अनुदान प्राप्त गरेको छ।

### तालिका (७): पछिल्लो ५ वर्षको पुससम्मको साधनस्रोत तथा खर्चको अवस्था (रू.करोडमा)

| विवरण | पुससम्म | | | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| संघीय राजस्व | ३४९२८.१० | ३८३६७.४० | ३७३३१.३० | ४८०१५.९० | ३९६९५.८४ | २८.६ | -१७.३ |
| अन्य प्राप्ति | ६७३.३० | २६४८.९० | २७८२.८० | ३४१९.४० | ३१०५.७० | २२.९ | -९.२ |
| वैदेशिक अनुदान | ७०८.०० | १३७३.०० | ७४६.३० | १३८८.३० | ४८०.२० | ८६.० | -६५.४ |
| कुल संघीय आय | ३६३०९.३० | ४२३८९.३० | ४०८६०.४० | ५२८२३.६० | ४३२८१.७४ | २९.३ | -१८.१ |
| आन्तरिक ऋण परिचालन | ०.०० | ०.०० | ५७००.०० | ६००.०० | ३०००.०० | -८९.५ | ४००.० |
| वैदेशिक ऋण प्राप्ति | २६५५.०० | ३२४४.०० | ३००४.१० | ४५०२.०० | ३६३४.६९ | ४९.९ | -१९.३ |
| कुल संघीय प्राप्ति | ३८९६४.३० | ४५६३३.३० | ४९५६४.५० | ५७९२५.६० | ४९९१६.४३ | १६.९ | -१३.८ |
| कुल संघीय खर्च | ३७५८२.१० | ४१०५२.३० | ४१५७४.५० | ५०६७८.३० | ५७६३४.७६ | २१.९ | १३.७ |
| स्रोत बचत(+)/न्यून(-) | १३८२.२० | ४५८१.०० | ७९८९.९० | ७२४७.३० | -७७१८.३३ | -९.३ | -२०६.५ |
| संघीय चालु खर्च | २९६५७.६० | ३०९६५.१० | ३४२३५.६० | ४०६४९.८२ | ४५५१२.७० | १८.७ | १२.० |
| राजस्व बचत/न्यून | ५२७०.५० | ७४०२.३० | ३०९५.७० | ७३६६.१० | -५८१६.८६ | १३७.९ | -१७९.० |
| बजेट बचत/न्यून | -१२७२.८० | १३३७.०० | -७१४.१० | २१४५.४० | -१४३५३.०२ | - | - |

स्रोत अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

# बाँडफाँड अघिको रोयल्टीसहित

### करको दायरा विस्तार

१२. २०७९ पुससम्म स्थायी लेखानम्बर लिने करदाताको संख्या ५२ लाख ९ हजार ७ सय ५९ पुगेको छ। स्थायी लेखानम्बर लिने करदातामध्ये ६४.२ प्रतिशत व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता रहेका छन् भने व्यावसायिक र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बरको हिस्सा क्रमशः ३५.३ प्रतिशत र ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख ३ हजार ८ सय ८७ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १८ हजार ८ सय ९१ पुगेको छ।

### तालिका (८): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

| दर्ताको प्रकार | २०७९ असारसम्म | २०७९/८० को पुससम्ममा थप | २०७९ पुस सम्मको जम्मा |
|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर ( BPAN) | १७६२४१३ | ७८०३७ | १८४०४५० |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ३०५०३०४ | २९५३४३ | ३३४५६४७ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | १८०९४ | ५५६८ | २३६६२ |
| **जम्मा स्थायी लेखा नम्बर** # | ४८३०८११ | ३७८९४८ | ५२०९७५९ |
| **मू.अ.कर** | २९१६३१ | १२२३६ | ३०३८६७ |
| **अन्तः शुल्क** | ११२२३१ | ६६६० | ११८८९१ |


स्रोतः आन्तरिक राजस्व विभाग।

### अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

१३. आर्थिक वर्ष २०७९/८० को पुस महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू.१ खर्ब १० अर्ब ८५ करोडको तुलनामा २३.७ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ३७ अर्ब १२ करोड पुगेको छ। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता रू.२३ अर्ब १२ करोड र ऋण सहायता रू.१ खर्ब १४ अर्ब रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम क्रमशः रू. ६ अर्ब ८५ करोड र रू. १ खर्ब ४ अर्ब रहेको थियो।

१४. मासिकरुपमा विश्लेषण गर्दा २०७८ असोज महिनामा सबैभन्दा बढी ५१.७ प्रतिशत वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ भने साउन महिनामा सबैभन्दा कम २.० प्रतिशत वैदेशिक सहायता प्रतिवद्धता प्राप्त भएको छ।

### चार्ट (३): चालु आर्थिक वर्षको मासिक वैदेशिक सहायता प्रतिवद्धताको स्थिति




स्रोतः अर्थ मन्त्रालय

१५. यस अवधिमा वैदेशिक सहायता प्रतिवद्धतामा अनुदान र ऋणको अंश क्रमशः १६.९ प्रतिशत र ८३.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः ६.२ प्रतिशत र ९३.८ प्रतिशत रहेको थियो।


तालिका (९): पछिल्लो २ वर्षको मासिक वैदेशिक सहायता प्रतिवद्धताको स्थिति (रू. करोडमा)

| महिना | आर्थिक वर्ष २०७८/७९ | | | आर्थिक वर्ष २०७९/८० | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा |
| साउन | ३९.५ | १९६.८ | २३६.३ | २७१.१० | ० | २७१.१० |
| भदौ | ५४१.७ | ३६५३.८ | ४१९५.६ | ० | १२७५.०० | १२७५.०० |
| असोज | ०.० | ११६२.३ | ११६२.३ | ४००.०० | ६६९५.०० | ७०९५.०० |
| कात्तिक | ०.० | ०.० | ०.० | ९७३.०० | ७७९.०० | १७५२.०० |
| मङ्सिर | १०४.१ | ७१७.० | ८२१.१ | ५११.०० | ० | ५११.०० |
| पुस | ०.० | ४६७०.० | ४६७०.० | १५७.०० | २६५१.०० | २८०८.०० |
| जम्मा | ६८५.३ | १०४००.० | ११०८५.२ | २३१२.१० | ११४००.०० | १३७१२.१० |

स्रोतः अर्थ मन्त्रालय

१६. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये सडक क्षेत्रमा सबैभन्दा बढी २५.५ प्रतिशत, शिक्षा २४.० प्रतिशत, सूचना प्रविधि १३.७ प्रतिशत, ऊर्जा १०.४ प्रतिशत, वातावरण ९.३ प्रतिशत, कृषि ७.५ प्रतिशत र अन्यमा ९.६ प्रतिशत रहेको छ।

चार्ट (४): आर्थिक वर्ष २०७९/८० को पुससम्मको वैदेशिक सहायता प्रतिवद्धताको संरचना (रू. करोडमा)




स्रोतः अर्थ मन्त्रालय

## सार्वजनिक ऋण र वैदेशिक सहायता परिचालन

१७. चालु आर्थिक वर्ष २०७९/८० को पुससम्म कुल रू. ४१ अर्ब १५ करोड बराबरको वैदेशिक सहायता परिचालन गरिएको छ। जसमध्ये रू. ४ अर्ब ८० करोड बराबरको वैदेशिक अनुदान र रू. ३६ अर्ब ३५ करोड बराबरको वैदेशिक ऋण रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा अनुदान रू. १३ अर्ब ८८

करोड र ऋण रू. ४५ अर्ब २ करोड गरी जम्मा रू. ५८ अर्ब ९० करोड बराबरको वैदेशिक सहायता प्राप्त भएको थियो।

१८. २०७९ पुसमसान्तसम्म सरकारको तिर्न बाँकी कुल ऋण रू. २० खर्ब १३ अर्ब ८५ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण रू. ९ खर्ब ६७ अर्ब ९२ करोड (४८.१ प्रतिशत) र वैदेशिक ऋण रू. १० खर्ब ४५ अर्ब ९३ करोड (५१.९ प्रतिशत) रहेको छ।

१९. २०७९ पुससम्म आन्तरिक ऋण तर्फ रू. ४९ अर्ब ५३ करोड सावाँ भुक्तानी र रू. ३३ अर्ब ६१ करोड ब्याज भुक्तानी भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्ममा आन्तरिक ऋण तर्फ रू. २९ अर्ब सावाँ भुक्तानी र रू. १९ अर्ब ८१ करोड ब्याज भुक्तानी भएको थियो। त्यसैगरी, यस अवधिमा बाह्य ऋण तर्फ रू. १६ अर्ब २६ करोड सावाँ भुक्तानी र रू. ४ अर्ब २२ करोड बराबरको ब्याज (प्रतिवद्धता शुल्क सहित) भुक्तानी भएको छ।

### तालिका (१०): चालु आर्थिक वर्षको पुससम्मको मासिक ऋण सेवा खर्चको अवस्था (रू. करोडमा)

| विवरण | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| कुल ऋण सेवा खर्च | २१२३.३९ | ९६२.५६ | २०९३.३३ | २०६६.२३ | १२९२.९० | १८२४.६५ | १०३६३.०६ |
| आन्तरिक ऋण | १९५७.३३ | ६४१.४६ | १६९८.९९ | १६५२.४७ | ७७२.४१ | १५९१.८७ | ८३१४.५३ |
| सावाँ भुक्तानी | १७००.०० | २००.०० | १०८३.७५ | ५३४.९२ | ३२७.७२ | ११०६.८१ | ४९५३.२० |
| ब्याज भुक्तानी | २५७.३३ | ४४१.४६ | ६१५.२४ | १११७.५५ | ४४४.६९ | ४८५.०६ | ३३६१.३३ |
| वाह्य ऋण | १६६.०६ | ३२१.१० | ३९४.३४ | ४१३.७६ | ५२०.४९ | २३२.७८ | २०४८.५३ |
| सावाँ भुक्तानी | ११३.५६ | २३७.७८ | ३२१.५१ | ३६२.९७ | ४४१.४६ | १४८.९३ | १६२६.२१ |
| ब्याज भुक्तानी (प्रतिवद्धता शुल्क सहित) | ५२.५० | ८३.३२ | ७२.८३ | ५०.७९ | ७९.०३ | ८३.८५ | ४२२.३२ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

## वित्तीय क्षेत्र

२०. चालु आर्थिक वर्षको पुस महिनासम्म कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल निक्षेप र कुल कर्जा लगानीको अनुपात केही कमी भएको छ। कुल लगानीमा निष्क्रिय कर्जाको अनुपात वृद्धि भई २.६३ प्रतिशत पुगेको छ भने विपन्न क्षेत्रतर्फ प्रवाहित कर्जा अनुपात ७.११ प्रतिशत रहेको छ।

२१. २०७८ पुससम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा सङ्ख्या पुगेकोमा २०७९ पुससम्म यस्तो सङ्ख्या ७५२ पुगेको छ। त्यस्तै २०७८ पुससम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १२९ रहेकोमा २०७९ पुस मसान्तमा सो सङ्ख्या १२१ कायम भएको छ। २०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,२१५ रहेकोमा २०७९ पुस मसान्तमा यस्तो सङ्ख्या ११,५८८ पुगेको छ।

२२. २०७९ पुस मसान्तमा निक्षेप र कर्जाको भारित औसत ब्याजदर क्रमशः ८.५१ प्रतिशत र १२.७९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो ब्याजदर क्रमशः ६.३७ प्रतिशत र ९.४४ प्रतिशत रहेको थियो।

### तालिका (११): पुससम्मको वित्तीय परिसूचकहरू

| वित्तीय सूचकहरु | २०७६ | २०७७ | २०७८ | २०७९ |
|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको अनुपातमा** | | | | |
| कुल निक्षेप | १०२.७८ | ११३.७३ | ११४.९६ | ११०.०० |
| कुल कर्जा | ९१.३६ | ९७.२१ | १०९.७१ | ९९.८५ |
| **कुल कर्जा लगानीको अनुपातमा** | | | | |
| निष्कृय कर्जा | १.७७ | १.८४ | १.३१ | २.६३ |
| विपन्न क्षेत्र कर्जा | ७.० | ७.५९ | ८.२८ | ७.११ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १६४ | १४४ | १२९ | १२१ |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ९,३९४ | १०,१८७ | ११२१५ | ११५८८ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७४५ | ७४९ | ७५० | ७५२ |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | ३११.१२ | ३४६.७२ | ४१८.३८ | ४८३.२५ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.९८ | १६.०२ | १८.०१ | १८.३३ |
| एटिएम बुथ (सङ्ख्यामा) | ३,६६२ | ४,२५४ | ४४१७ | ४६४८ |
| **भारित औसत ब्याजदर** | | | | |
| निक्षेप | ६.७९ | ५ | ६.३७ | ८.५१ |
| कर्जा | ११.९४ | ९.०९ | ९.४४ | १२.७९ |


स्रोतः नेपाल राष्ट्र बैंक

### बीमा क्षेत्र

२३. चालु आर्थिक वर्ष २०७९/८० को पुस महिनासम्म बीमा प्रिमियम संकलन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १.९ प्रतिशतले वृद्धि भई रू.९१ अर्ब ७३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू. ९० अर्ब १ करोड रहेको थियो। यस अवधिमा संकलित बीमा प्रिमियम मध्ये जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७८.१ प्रतिशत र २१.९ प्रतिशत रहेको छ।

२४. २०७९ पुस मसान्तसम्म ४४.३ प्रतिशत जनसङ्ख्यामा बीमा (म्यादी, लघु म्यादी र वैदेशिक रोजगार जीवन बीमालेख सहित) को पँहुच पुगेको छ। २०७८ पुसमसान्तसम्म ३३.४ प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको थियो।

**चार्ट (५): मासिकरूपमा बीमा प्रिमियम संकलनको स्थिति** (रू. करोडमा)




| | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुष |
|---|---|---|---|---|---|---|
| २०७६/७७ | १२९४.९ | ८१४.९ | १०३०.२ | ३०२.५ | ९९४.४ | १६१४.१ |
| २०७७/७८ | १५७५.० | ९८०.० | १४३१.० | ९२४.० | १२५०.० | १६८०.० |
| २०७८/७९ | १९५३.० | १५००.० | १३३४.० | १३०४.० | १२३१.० | १६७९.२ |
| २०७९/८० | १९५३.३ | १४३७.४ | १२७१.२ | १२७५.१ | १६१२.५ | १६२४.० |

■ २०७६/७७ ■ २०७७/७८ ■ २०७८/७९ ■ २०७९/८०

स्रोतः बीमा समिति


२५. आर्थिक वर्ष २०७८/७९ को तुलनामा चालु आर्थिक वर्ष २०७९/८० को साउन र मङ्सिर महिनामा बीमा प्रिमियम संकलन उच्च रहेको छ भने अन्य महिनामा यस्तो संकलन न्यून रहेको छ। मासिक रुपमा विश्लेषण गर्दा साउन महिनामा बीमा प्रिमियम संकलन उच्च रहेको छ भने असोज महिनामा सबैभन्दा न्यून रहेको छ।

## पुँजी बजार

२६. २०७८ पुस मसान्तमा २८५७.७५ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७९ पुस मसान्तमा २१४९.३९ विन्दु कायम भएको छ। पछिल्लो एक दशकको पुसमसान्तको नेप्से पुँजीको प्रवृत्ति हेर्दा २०७८ पुस मसान्तमा नेप्से सूचकाङ्क सबैभन्दा उच्च विन्दुमा रहेको थियो। २०७९ पुस मसान्तसम्म नेपाल स्टक एक्सेन्जमा सूचीकृत कम्पनीहरुको सङ्ख्या २४९ पुगेको छ। अघिल्लो आर्थिक वर्षको पुस मसान्तसम्म यस्तो संख्या २२५ रहेको थियो।

२७. चालु आर्थिक वर्षको साउन १ गते नेप्से सूचकाङ्क २०११.४० बिन्दुमा रहेकोमा २०७९ पुस मसान्तमा २१४९.३९ बिन्दुमा रहेको छ।


चार्ट (६): पछिल्लो एक दशकको पुसमसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२८. वार्षिक विन्दुगत आधारमा २०७९ पुस मसान्तमा बजार पुँजीकरण अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २३.१ प्रतिशतले कमी आई रू. ३१ खर्ब ३ अर्ब १६ करोड कायम भएको छ। २०७८ पुस मसान्तमा यस्तो रकम रू. ४० खर्ब ३७ अर्ब १३ करोड रहेको थियो। नेप्से सूचकाँङ्कमा वृद्धि हुँदा बजार पूँजीकरण पनि बढ्ने तथा सूचकाँकमा कमी आउँदा बजार पूँजीकरणमा समेत कमी आउने प्रवृति रहन्छ।

चार्ट (७): पछिल्लो १० वर्षको पुस मसान्तसम्मको बजार पुँजीकरणको स्थिति (रू. अर्बमा)





स्रोतः नेपाल राष्ट्र बैङ्क

२९. २०७९ पुस महिनामा नेप्से सूचकाङ्कमा केही सुधार आएको छ। पुस महिनाको कारोबार भएको पहिलो दिन ३ गते १८५५.०७ विन्दुमा रहेको नेप्से सूचकाङ्क कारोबार भएको अन्तिम दिन पुस २८ गते २१४९.३९ विन्दुमा पुगेको छ।

**समग्र मूल्य स्थिति**

३०. २०७९ पुस महिनामा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति ७.२६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.६५ प्रतिशत रहेको थियो। २०७९ पुस महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.६२ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फीति ८.५७ प्रतिशत रहेको छ।

**चार्ट (८): वार्षिक विन्दुगत आधारमा पछिल्लो ५ आर्थिक वर्षको पुस महिनाको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति**




स्रोतः नेपाल राष्ट्र बैंक

३१. चालु आर्थिक वर्षको ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति ८.०२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.०३ प्रतिशत रहेको थियो। पछिल्लो ५ वर्षको उपभोक्ता मुद्रास्फीतिको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७७/७८ को ६ महिनाको औसत उपभोक्ता मुद्रास्फीति सबैभन्दा न्यून ३.७२ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७९/८० को सोही अवधिको औसत उपभोक्ता मुद्रास्फीति सबैभन्दा उच्च रहेको थियो। २०७९ पुस महिनामा यातायात, रेष्टुरेन्ट तथा होटल, सूर्तीजन्य वस्तु, स्वास्थ्य, खाद्य तथा खाद्यजन्य पदार्थलगायतका वस्तुहरुको मूल्य वृद्धि उच्च रहेको छ।

**तालिका (१२): ५ वर्षको पहिलो ६ महिनाको उपभोक्ता मुद्रास्फीतिको स्थिति**

| महिना | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|
| साउन | २.२८ | ४.१९ | ६.९५ | ३.४९ | ४.३५ | ८.२६ |
| भदौ | ३.३९ | ३.८७ | ६.१६ | ४.५२ | ३.४९ | ८.६४ |
| असोज | ३.१० | ४.६८ | ६.२१ | ३.७९ | ४.२४ | ८.५० |
| कार्तिक | ३.८५ | ४.१५ | ५.७६ | ४.०५ | ५.३२ | ८.०८ |
| मंसिर | ४.१६ | ३.७१ | ६.५५ | २.९३ | ७.११ | ७.३८ |
| पुस | ४.०० | ४.५८ | ६.८२ | ३.५६ | ५.६५ | ७.२६ |
| **औसत मुद्रास्फीति** | **३.४६** | **४.२०** | **६.४१** | **३.७२** | **५.०३** | **८.०२** |

स्रोतः नेपाल राष्ट्र बैंङ्क

### थोक मुद्रास्फीति र तलब तथा ज्यालादर सूचकाङ्क

३२. २०७९ पुसमा वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति ९.८२ प्रतिशत रहेको छ। २०७८ पुसमा यस्तो मुद्रास्फीति ८.०८ प्रतिशत रहेको थियो।

३३. २०७९ पुसमा वार्षिक विन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क १०.२७ प्रतिशतले बढेको छ। २०७८ पुसमा यस्तो सूचकाङ्क ५.७७ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

### वस्तु निर्यात

३४. आर्थिक वर्ष २०७९/८० को पुस महिनासम्म कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३२.० प्रतिशतले कमी आई रू. ८० अर्ब ८१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रू. ११८ अर्ब ८५ करोड रहेको थियो।

३५. चालु आर्थिक वर्षको पहिलो छ महिनामा गन्तव्यका आधारमा भारत र चीन तर्फको वस्तु निर्यात क्रमश: ४०.१ प्रतिशत र २५.२ प्रतिशतले घटेको छ भने अन्य देशतर्फको वस्तु निर्यात ३.६ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारत र अन्य देशतर्फको वस्तु निर्यात क्रमश: १२१.८ प्रतिशत र ३०.२ प्रतिशतले बढेको थियो भने चीनतर्फको निर्यात १०.२ प्रतिशतले घटेको थियो।

३६. चालु आर्थिक वर्षको छ महिनामा भारत, चीन र अन्य देश तर्फको वस्तु निर्यातको अंश क्रमशः ७१.६ प्रतिशत, ०.४ प्रतिशत र २८.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ८१.२ प्रतिशत, ०.४ प्रतिशत र १८.४ प्रतिशत रहेको थियो।

**तालिका (१३): चालु आर्थिक वर्षको पुस महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरू** (रू.करोडमा)

| वस्तु | २०७८/७९ | निर्यातको अंश | २०७९/८० | निर्यातको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| प्रशोधित पाम तेल | ३१९७.५६ | २६.९ | १३०८.८२ | १६.२ | -५९.१ |
| भटमासको तेल प्रशोधित | ३४२७.०० | २८.८ | ८००.९९ | ९.९ | -७६.६ |
| सेन्थेटिक यार्न | ५७५.०२ | ४.८ | ५९४.५१ | ७.४ | ३.४ |
| उनी गलैंचा कार्पेट | ४४२.०६ | ३.७ | ५४६.२५ | ६.८ | २३.६ |
| तयारी कपडा | ३७५.९२ | ३.२ | ४१२.७५ | ५.१ | ९.८ |
| अलैची | २२८.७२ | १.९ | ३७४.०२ | ४.६ | ६३.५ |
| फलामे पाता | ३०.२२ | ०.३ | २७७.८० | ३.४ | ८१९.३ |
| जुटका बुनिएका कपडा | ३२७.०६ | २.८ | २६४.२३ | ३.३ | -१९.२ |
| जमोठ कपडा | २६३.५२ | २.२ | २६४.०८ | ३.३ | ०.२ |
| फलफुलको जुस | २५८.२६ | २.२ | २६२.३९ | ३.२ | १.६ |
| अन्य | २७५९.६३ | २३.२ | २९७४.८६ | ३६.८ | ७.८ |
| **जम्मा** | **११८८४.९७** | **१००.०** | **८०८०.७०** | **१००.०** | **-३२.०** |

स्रोत: भन्सार विभाग

३७. वस्तुगत आधारमा फलामे पाता, अलैची, उनी गलैचा कार्पेट, तयारी कपडा जुस लगायतका वस्तुको निर्यात बढेको छ भटमासको प्रशोधित तेल, प्रशोधित पाम तेल, जुटका बुनिएका कपडा लगायतका वस्तुको निर्यात घटेको छ।

३८. यस अवधिको कुल वस्तु निर्यात मध्ये प्रशोधित पाम तेलको तेलको अंश १६.२ प्रतिशत रहेको छ। यस अवधिमा निर्यात भएका प्रमुख १० वस्तुहरुको कुल निर्यातमा अंश ६३.२ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षमा निर्यात भएका प्रमुख १० वस्तुहरुको गत आर्थिक वर्षको सोही अवधिको निर्यातमा ७६.८ प्रतिशत अंश रहेको थियो।

## वस्तु आयात

३९. चालु आर्थिक वर्ष २०७८/७९ को पुस महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको ६ खर्ब रू. ९ खर्ब ९९ अर्ब ३४ करोड को तुलनामा २०.७ प्रतिशतले कमी आई रू.७ खर्ब ९२ अर्ब ६७ करोड रहेको छ।

**तालिका (१४): पुस महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरू** (रू.करोडमा)

| वस्तु | २०७८/७९ | आयातको अंश | २०७९/८० | आयातको अंश | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| डिजेल | ६१४७.३८ | ६.२ | ७०१०.५८ | ८.८ | १४.० |
| पेट्रोल | २९२७.२५ | २.९ | ३३५३.५७ | ४.२ | १४.६ |
| सुन | २३२५.९१ | २.३ | २९२०.३३ | ३.७ | २५.६ |
| एल पि ग्यास | २९२३.०८ | २.९ | २८२०.३७ | ३.६ | -३.५ |
| भटमासको तेल कच्चा | ३६५४.०४ | ३.७ | २३७५.४९ | ३.० | -३५.० |
| शुद्ध फलाम | ९१०.८ | ०.९ | १९२२.०४ | २.४ | १११.० |
| कच्चा पाम तेल | २७४९.१८ | २.८ | १६७१.३३ | २.१ | -३९.२ |
| मोवाइल टेलिफोन | २५६२.९३ | २.६ | १४३२.३ | १.८ | -४४.१ |
| पोलीथिन दाना | १५५९.०३ | १.६ | १२९२.६५ | १.६ | -१७.१ |
| तयारी कपडा | १९७६.६८ | २.० | १२८१.४८ | १.६ | -३५.२ |
| कुल | २७७३६.२८ | २७.८ | २६०८०.१४ | ३२.९ | -६.० |
| अन्य | ७२,१९८.२० | ७२.२ | ५३,१८६.६० | ६७.१ | -२६.३ |
| **जम्मा** | **९९,९३४.४८** | **१००.०** | **७९,२६६.७४** | **१००.०** | **-२०.७** |

स्रोतः भन्सार विभाग

४०. चालु आर्थिक वर्षको छ महिनामा भएको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूबाट भएको आयातको अंश क्रमशः ६१.४ प्रतिशत, १३.९ प्रतिशत र २४.८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६०.४ प्रतिशत, १४.६ प्रतिशत र २५.० प्रतिशत रहेको थियो।


४१. वस्तुगत आधारमा पैंठारी भएका मुख्य १० वस्तुहरु मध्ये भ्याक्सिन, कच्चा पाम तेल, पेट्रोल, डिजेल, तयारी कपडा, एल.पी.ग्यास, कच्चा भटमासको तेल, सुन, एच.आर.सिट, मोबाईल टेलिफोन लगायतका वस्तुको आयात बढेको छ भने एम.एस. विलेटको आयात घटेको छ।

४२. यस अवधिको कुल पैंठारीमा प्रमुख १० वस्तुहरु मध्येको डिजेलको अंश सबैभन्दा बढी ८.८ प्रतिशत रहेको छ भने तयारी कपडा र पोलिथिन दानाको अंश सबैभन्दा कम १.६ प्रतिशत रहेको छ। यस अवधिमा आयात भएका प्रमुख १० वस्तुहरुको अंश कुल आयातमा ३२.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अंश २७.८ प्रतिशत रहेको थियो।

### व्यापार सन्तुलन

४३. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा वस्तु व्यापार घाटा १९.२ प्रतिशतले सुधार भई रू. ७ खर्ब ११ अर्ब ८६ करोड रहेको छ। गत आर्थिक वर्षमा यस्तो घाटा ४६.६ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ८० अर्ब ४९ करोड रहेको थियो। निर्यात व्यापारको आधार सानो रहेको कारण वस्तु निर्यातमा उच्च वृद्धि भए पनि वस्तु व्यापार घाटामा सोही अनुरूप सुधार हुन नसकेको हो।


**चार्ट (९): पछिल्लो ५ आर्थिक वर्षको पुस महिनासम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)**




स्रोतः भन्सार विभाग

४४. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भारत, चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः १५.५ प्रतिशत २४.६ प्रतिशत र २३.८ प्रतिशतले सुधार भएको छ। अघिल्लो चालु आर्थिक वर्षको सोही अवधिमा भारत, चीन र अन्य देशसँगको व्यापार घाटा क्रमशः २८.३ प्रतिशत, ५१.८ प्रतिशत र १०८.६ प्रतिशतले बढेको थियो। बाह्य क्षेत्र सन्तुलनका लागि सरकारले लगाएको आयातमा नगद मार्जिनको कारण आयात व्यापार प्रभावित हुँदा व्यापार घाटा सुधार भएको हो।

### चार्ट (१०): पुस महिनासम्मको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

४५. यस अवधिको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.३ प्रतिशत र ९०.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः १०.६ प्रतिशत र ८९.४ प्रतिशत रहेको थियो।

४६. यस अवधिको कुल वस्तु निर्यात मध्ये मध्यवर्ती उपभोग्य वस्तुको  अंश ५४.२ प्रतिशत, अन्तिम उपभोग्य वस्तु ४५.८ प्रतिशत तथा पुँजीगत वस्तुहरुको अनुपात ०.०५ प्रतिशत रहेको छ। यसबाट निर्यात हुने वस्तुहरूमा प्राथमिक वस्तुहरुको हिस्सा उच्च र पुँजीगत वस्तुको हिस्सा अत्यन्त न्यून रहेको देखिन्छ। यसैगरी यस अवधिमा वृहत आर्थिक वर्गीकरण अनुसार आयातको संरचनामा मध्यवर्ति उपभोग्य वस्तुहरुको अंश ५३.१ प्रतिशत, अन्तिम उपभोग्य वस्तु ३८.१ प्रतिशत तथा पुँजीगत वस्तुहरुको अनुपात ८.८ प्रतिशत रहेको छ।

### तालिका (१५): पुस महिनासम्मको वस्तु निर्यात र आयातको संरचना (प्रतिशतमा)

| विवरण | निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| **मध्यवर्ति उपभोगका वस्तुहरु** | ३१.९ | ४७.८ | ५४.२ | ५२.६ | ५३.७ | ५३.१ |
| **पुँजीगत वस्तुहरु** | ०.६ | ०.०२ | ०.०५ | १२.० | १०.९ | ८.८ |
| **अन्तिम उपभोगका वस्तुहरु** | ६७.५ | ५२.२ | ४५.८ | ३५.४ | ३५.४ | ३८.१ |

स्रोतः नेपाल राष्ट्र बैंङ्क

### सेवा व्यापार

४७. आर्थिक वर्ष २०७९/८० को पुससम्म कुल सेवा आय गत आर्थिक वर्षको सोही अवधिको रू. ५३ अर्ब ३२ करोडको तुलनामा ५९.६ प्रतिशतले वृद्धि भई रू. ८५ अर्ब ७ करोड रहेको छ। साथै, यस अवधिमा सेवा खर्चमा १६.९ प्रतिशतले वृद्धि भई रू. १ खर्ब १६ अर्ब ३४ करोड रहेको छ।

४८. आर्थिक वर्ष २०७९/८० को पुससम्म खुद सेवा आय रू.३१ अर्ब २७ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू.४६ अर्ब २३ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह

४९. आर्थिक वर्ष २०७८/७९ को पुससम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ४ खर्ब ७० अर्ब ७२ करोडको तुलनामा २४.३ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ८५ अर्ब ८ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ५.० प्रतिशतले घटेको थियो।

५०. आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ६४.६ प्रतिशतले वृद्धि भई २ लाख ७५ हजार ६ सय ४३ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १ लाख ६७ हजार ५ सय १३ रहेको थियो।

५१. यस अवधिमा वैदेशिक रोजगारीको लागि पुनःश्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समेत गत वर्षको तुलनामा ९.५ प्रतिशतले वढेर १ लाख ४२ हजार ५ सय ४८ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या २०३.४ प्रतिशतले वृद्धि भई १ लाख ३० हजार २ सय १२ रहेको थियो।

### पर्यटक आगमन

५२. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा (अगष्ट २०२२ देखि जनवरी २०२३ सम्म) नेपाल भित्रिने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको १ लाख ५ हजार ७ सय ५९ को तुलनामा उल्लेख्य वृद्धि भई ३ लाख ८३ हजार ८ सय ५९ पुगेको छ। सन् २०२१ मा नेपाल आउने पर्यटकको सङ्ख्या १ लाख ४९ हजार ८ सय तेत्तिस रहेकोमा सन् २०२२ मा नेपाल भित्रिने पर्यटकको सङ्ख्यामा उल्लेख्य प्रतिशतले वृद्धि भई ६ लाख १४ हजार १ सय ४८ मा पुगेको छ। कोरोना महामारीको कारण शिथिल बनेको पर्यटन क्षेत्र पुनः सुचारु हुन थालेको हो।

५३. यस अवधिमा पर्यटन क्षेत्रबाट प्राप्त हुने आयमा समेत उल्लेख्य वृद्धि भई २८ अर्ब ८ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको पुस मसान्तमा यस्तो आय रु १२ अर्ब ९४ करोड रहेको थियो।

### चालु खाता एवं शोधनान्तर स्थिति

५४. आर्थिक वर्ष २०७९/८० को पुस महिनासम्म शोधनान्तर स्थिति रू. ९७ अर्ब १० करोडले घाटामा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२ खर्ब ४१ अर्ब २३ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता घाटा रू. २९ अर्ब ४७ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खाता रू.३ खर्ब ५२ अर्ब १६ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

५५. २०७८ पुस मसान्तमा रू.११ खर्ब ६५ अर्ब ८० करोड रहेको विदेशी विनिमय सञ्चिति २०७९ पुस मसान्तमा रू.१३ खर्ब ३७ अर्ब २९ करोड पुगेको छ। खासगरी विप्रेषण आप्रवाहमा आएको वृद्धि तथा आयातमा नगद मार्जिनका कारण वस्तु व्यापार घाटामा सुधार हुँदा विदेशी विनिमय सञ्चितिमा सुधार भएको हो ।

५६. आर्थिक वर्ष २०७९/८० को पुससम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले करिब १०.४ महिनाको वस्तु आयात र करिब ९.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने देखिन्छ।

## विनिमय दर

५७. २०७९ असार मसान्तको तुलनामा २०७९ पुस मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ १.७९ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.१२९.८३ कायम भएको छ। २०७९ असार मसान्तमा यस्तो विनिमय दर रू.१२७.५१ रहेको थियो।

## वैदेशिक लगानी

५८. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा विदेशी लगानीका लागि दर्ता भएका उद्योगको सङ्ख्या (उद्योग विभागमा दर्ता भएका) १३१ रहेका छन्। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा विदेशी लगानीका १२९ उद्योग दर्ता भएका थिए। यस अवधिमा उद्योगमा कुल स्वीकृत विदेशी लगानी प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४३.४ प्रतिशतले कमी आई रू. १७ अर्ब ३० करोड रहेको छ। यस आर्थिक वर्षमा लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत हुन नसक्दा यस्तो रकममा कमी आएको हो।

५९. चालु आर्थिक वर्षको पहिलो ६ महिनामा प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९३.४ प्रतिशतले कमी आई रू. ७५ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह ४८.१ प्रतिशतले वृद्धि भई रू. ११ अर्ब ३४ करोड रहेको थियो। चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा लगानी फिर्ताको रकम उच्च हुनाले समेत प्रत्यक्ष वैदेशिक लगानी आप्रवाहमा कमी आएको हो।

**तालिका (१६): चालु आर्थिक वर्षको बाह्य क्षेत्रका परिसूचकहरुको पुससम्मको मासिक विवरण** (रू. करोडमा)


| बाह्य क्षेत्रका चरहरु | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस |
|---|---|---|---|---|---|---|
| निर्यात | १४८०.९७ | १३८७.०७ | १३१३.९८ | १२९५.४१ | १२५३.०२ | १३५०.२५ |
| आयात | १३१२८.६१ | १४२३१.३६ | १२७३९.८६ | १३१६९.३१ | १३२०५.५१ | १२७९२.०९ |
| व्यापार घाटा | ११६४७.६४ | १२८४४.२८ | ११४२५.८९ | ११८७३.९० | ११९५२.४९ | ११४४१.८५ |
| विप्रेषण आप्रवाह | ९२२०.६८ | ९४८३.२५ | ९४०१.१८ | ९६९९.१५ | १०२४६.०६ | १०४५७.२८ |
| चालु खाता सन्तुलन | -१६२६.०० | -३७१७.९४ | -३४२८.३९ | -३५४०.०५ | -३७९१.४० | -२९४६.९० |
| शोधानान्तर स्थिति | -२२६२.७७ | -२३६७.५७ | १२४२.९८ | २००३.३६ | ४५८६.५५ | ९७०९.५१ |
| विदेशी विनिमय सञ्चिति | ११९७८४.९९ | ११८९१५.५१ | १२४६२२.०० | १२४६२७.०७ | १२९२५५.६२ | १३३७२८.६२ |
| पर्यटक आगमन (सङ्ख्यामा) | ४१३०४ | ५८३१४ | ८८५८२ | ७२६५३ | ६७९३२ | ५५०७४ |

स्रोतः नेपाल राष्ट्र बैङ्क/भन्सार विभाग

### कम्पनी दर्ता

६०. चालु आर्थिक वर्षको ६ महिनामा सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको १६ हजार ९ सय ३९ को तुलनामा ३१.५ प्रतिशतले कमी आई ११ हजार ६ सय १ रहेको छ।


**चार्ट (१२) : दुई आर्थिक वर्षको पहिलो ६ महिनाको थप कम्पनी दर्ताको मासिक विवरण** (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

६१. कम्पनी दर्ताको मासिक प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको तुलनामा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा कम्पनी दर्ताको सङ्ख्या घटेको छ। चालु आर्थिक वर्षको भदौ महिनामा सबै भन्दा बढी कम्पनी दर्ता भएका छन्।

**चार्ट (१२) : विगत पाँच आर्थिक वर्षको पुस मसान्तसम्मको कम्पनी दर्ताको विवरण** (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय

६२. विगत पाँच आर्थिक वर्षमा कम्पनी दर्तामा बढोत्तरी आएको भए तापनि चालु आर्थिक वर्ष २०७९/८० मा भने कमी आएको छ।